# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०२।१५ गते

## प्रेस विज्ञप्ति

**विषय: जनता उच्च मा.वि., मोरङका प्रधानाध्यापकलाई नियन्त्रणमा लिईएको ।**

---

श्री जनता उच्च मा.वि., मोरङका प्रधानाध्यापक रुद्रानन्द चौधरीले उक्त उ.मा को मा.वि. तहमा कृषि विषयको शिक्षकको लागि विज्ञापन भएकोमा नियुक्तिका लागि आवेदकसंग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय ईटहरीबाट खटिई गएको टोलीले निज प्र.अ. चौधरीलाई घुस वापत लिएको रु. ६५,०००।- (अक्षरुपी पैसठ्ठी हजार) समेत बरामद गरी विराटनगर उप महानगरपालिका-११ स्थित रुपेश होटलबाट रंगेहात नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको छ ।

(खगेन्द्र प्रसाद रिजाल)

सहायक प्रवक्ता